DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# नेपाली राजनीतिमा युवा सहभागिता : अभ्यास र चुनौती

अंक १६ | जेठ २०८२

## सारांश

संघीय प्रणालीले समावेशितालाई एक मुख्य पाटो माने पनि नेपाली राजनीतिमा युवा प्रतिनिधित्व कमजोर पाइन्छ। विद्यमान प्रतिनिधिसभामा भएको युवा उपस्थितिलाई हेर्दा नै यो तथ्य उजागर नै हुन्छ। प्रतिनिधिसभामा बहुसङ्ख्यक प्रतिनिधि ५१ देखि ६० वर्ष उमेर समूहको छ। राष्ट्रिय युवा नीति २०७२ अनुसार परिभाषित युवा १६-४० वर्षको उमेर समूहका सदस्यको उपस्थिति १२ प्रतिशत मात्रै छ।

राजनीतिक दलमा नेतृत्व हस्तान्तरण र युवा सहभागिताबारे बहस यदाकदा भए पनि पछिल्लो पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न र अवसर दिन स्थापित नेताहरू अनुदार नै देखिन्छन्। स्थानीय तहदेखि सङ्घसम्म पनि स्थापित नेतृत्व नै लामो समय पदमा रहिरहने परिपाटीले नयाँ पुस्ताले स्थान पाएका छैनन्। दलका शीर्षस्थ नेतृत्वले युवालाई आन्दोलन, सङ्घर्ष, सभा सम्मेलन, शक्ति प्रदर्शन, प्रतिरोध जस्ता कामहरूमा प्रयोग भने गरिएको पाइन्छ।

यी सबै कारणले गर्दा नयाँ पुस्ताका केही युवा वैकल्पिक दल या उम्मेदवारप्रति आकर्षित भएको पाइन्छ भने कतिपय युवामा राजनीति र विद्यमान शासन प्रणालीप्रति अलगावको जोखिम बढाएको सङ्केत देखा परेको छ। लोकतान्त्रिक व्यवस्थाको जगमा उभिएका राजनीतिक दलहरूले नै नेतृत्व समावेशी बनाउन नसक्नु सुखद सङ्केत होइन। यो अनुदार संस्कारले दललाई र समग्रमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई नै अप्रत्यक्ष हानि पुऱ्याएको छ। त्यसैले प्रमुख राजनीतिक दलले कानून र दलको विधानमार्फत युवा सहभागिता बढाउने नीति अपनाउन जरुरी छ।

## १. परिचय

राणाशासनको विरोधमा तत्कालीन युवाले गरेको आन्दोलनको जगमा २००७ को क्रान्ति सफल भएको थियो। त्यसपछि लोकतन्त्र पुनर्स्थापनाका लागि भएका सबैखाले सामाजिक तथा राजनीतिक आन्दोलन र अभियानमा युवाको अग्रणी भूमिका रहँदै आएको छ। राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्ष सम्मका व्यक्तिलाई युवा मानेको छ। त्यसअनुसार नेपालको कुल जनसङ्ख्याको ४० प्रतिशत युवा छन्।[१] निर्वाचनमा उम्मेदवार बन्ने व्यक्ति स्थानीय तहमा हो भने २१ वर्ष, प्रतिनिधि सभा र प्रदेश सभामा भए २५ वर्ष, राष्ट्रिय सभाका लागि ३५ वर्ष पुगेको हुनुपर्ने कानूनी प्रावधान छ। त्यसैगरी, संवैधानिक निकायका लागि ४५ वर्ष पुगेको हुनुपर्छ।

संघीय प्रणालीले समावेशितालाई एक मुख्य पाटो मान्छ। त्यसैले युवा प्रतिनिधित्व पनि समावेशिताको दृष्टिकोणले एक महत्त्वपूर्ण विषय हो। यद्यपि, संविधान र कानूनले समावेशिताका लागि महिला, दलित, जनजाति, मधेशी, अल्पसंख्यक आदि जस्ता क्लस्टर बनाउँदा युवा उल्लेख गरेको छैन। संविधानको धारा १८ मा समानताको हकबारे चर्चा गर्दा भने अन्य पिछडिएका वर्गसँगै युवालाई पनि जोडिएको छ र तिनका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने उल्लेख गरेको छ। त्यस्तै, राज्यका नीतिबारे चर्चा गरिएको धारा ५१ मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने" भनिएको छ।[२]

युवा भनेको सोच हो र पाको मानिसमा पनि त्यस्तो सोच हुन सक्छ भने उमेरका हिसाबले युवामा बरू रूढीग्रस्त विचार हुन सक्ने भएकाले यो युवा समावेशिता भन्ने अर्थहीन विषय हो भन्ने एक थरीको तर्क पनि पाइन्छ।[३] यो राजनीतिक परिवेश विश्लेषणको उद्देश्य भने उमेर समूहअनुसारको कति प्रगतिशील र गतिशील भनी लेखाजोखा गर्नु होइन। नेपाली

---

[१] युवा तथा खेलकुद मन्त्रालय। २०७२। राष्ट्रिय युवा नीति २०७२। https://www.opmcm.gov.np/w2p-content/uploads/npolicy/Youth/national-youth-policy-2072.pdf मा उपलब्ध; पुस २९, २०८१ मा हेरिएको।

[२] नेपाल कानून आयोग। २०७२। नेपालको संविधान। https://giwmscdnone.gov.np/media/pdf_upload/नेपालको%20स_ ंविधान%20unicode%20भाद्र%20२०८१_mtbuyjt.pdf मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको।

[३] हिमाल प्रेस। २०७९। राजनीतिमा उमेरको कुनै अर्थ छैन: चन्द्र भण्डारी। मंसिर १७। https://himalpress.com/2022/12/5832/ मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको।

समाजको प्रतिविम्ब राज्यका संरचनामा हुनुपर्छ भन्ने संविधानको मर्मसँग युवा समावेशितालाई जोडेर चर्चा गर्न खोजिएको मात्रै हो । विद्यमान प्रतिनिधिसभामा भएको युवा उपस्थितिलाई उदाहरण मान्दै राजनीतिमा युवा प्रतिनिधित्त्व केलाउने प्रयास यहाँ भएको छ। यसका लागि राजनीतिक दलका सदस्य र विज्ञसँग कुराकानी गरी जानकारी संकलन गरिएको हो। तथ्य विश्लेषण गर्दा पूर्व प्रकाशित सामग्रीसमेत उपयोग गरिएको छ।

## २. प्रतिनिधिसभा सदस्यको उमेर समूह

निर्वाचन आयोगको तथ्याङ्कअनुसार २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ १६५ निर्वाचन क्षेत्रका लागि २,४१२ जनाले उम्मेदवारी दिएकोमा ७५९ जना (३०%) ४० वर्ष मुनिका थिए।[४] तीमध्ये विभिन्न दलहरूबाट ४०३ र स्वतन्त्रबाट ३५६ जना उम्मेदवार थिए।[५] विजयी हुनेमा ४० वर्ष मुनिका १० जना मात्रै थिए जुन कुल निर्वाचित सदस्य संख्याको ६.०६ प्रतिशत हो (हेर्नुहोस् तालिका १)। २०७९ को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट ४० वर्षमुनिका २३ जना प्रतिनिधिसभा सदस्य बने, कुल समानुपातिक सदस्यको यो २०.९१ प्रतिशत हो।

**तालिका १: उमेर समूहअनुसार वर्तमान (२०७९-२०८४) प्रतिनिधिसभा सदस्य संख्या**

| उमेर समूह | पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ | समानुपातिक प्रणालीतर्फ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २५-३० | ३ | ५ | ८ | २.९१ |
| ३१-४० | ७ | १८ | २५ | ९.०९ |
| ४१-५० | ३० | ३८ | ६८ | २४.७३ |
| ५१-६० | ६८ | २७ | ९५ | ३४.५५ |
| ६१-७० | ४४ | १८ | ६२ | २२.५५ |
| ७१-८० | १२ | ४ | १६ | ५.८२ |
| >८१ | १ | ० | १ | ०.३६ |
| **कुल सङ्ख्या** | **१६५** | **११०** | **२७५** | **१००** |

*स्रोत: निर्वाचन आयोग नेपाल*

तालिका १ अनुसार सबैभन्दा बढी (३४.५५%) प्रतिनिधित्व ५१ देखि ६० वर्ष उमेर समूहको छ। नेपालको कुल जनसङ्ख्याको अनुपातमा भने ५१ देखि ६० वर्षका उमेर समूहको सङ्ख्या ८.०५ प्रतिशत छ।[६] प्रतिनिधसभामा ४० वर्ष मुनिका सदस्यको उपस्थिति १२ प्रतिशत मात्रै छ। प्रतिनिधिसभामा प्रत्यक्षबाट निर्वाचित सबैभन्दा कम उमेरकी सदस्य राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सोविता गौतम हुन्। निर्वाचित हुँदा उनको उमेर २७ वर्ष थियो। सबैभन्दा ज्येष्ठ सदस्य ८५ वर्षीय महिन्द्र राय यादव हुन्। यादव उक्त समयमा नेपाल समाजवादी पार्टी (नेसपा)मा आबद्ध भए पनि नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)]को चुनाव चिह्नबाट जितेका थिए। उनीपछि राष्ट्रिय जनमोर्चा (राजमो)का चित्रबहादुर केसी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का महन्थ ठाकुर, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पशुपति शमशेर जबरा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य हुन्। निर्वाचित हुँदा उनीहरू तीनै जनाको उमेर ८० वर्ष थियो।

**तालिका २: वर्तमान प्रतिनिधिसभा सदस्यको उमेर समूह र दलीय प्रतिनिधित्व**

| उमेर समूह | जसपा नेपाल | नेकपा (एस) | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) | नेपाली काँग्रेस | राप्रपा | रास्वपा |
|---|---|---|---|---|---|---|---|
| २५-३० | - | - | - | १ | १ | २ | ३ |
| ३१-४० | - | - | ७ | ३ | ३ | २ | ५ |
| ४१-५० | ३ | २ | १६ | १० | २२ | - | १० |
| ५१-६० | ५ | ४ | ३५ | १३ | ३२ | १ | १ |
| ६१-७० | ३ | ४ | १९ | २ | २४ | ६ | १ |
| ७१-८० | १ | - | १ | १ | ७ | ३ | - |
| >८१ | - | - | - | १ | - | - | - |
| **कुल** | **१२** | **१०** | **७८** | **३१** | **८९** | **१४** | **२०** |

*स्रोत: निर्वाचन आयोग, नेपाल*

२०७९ को निर्वाचनमा संख्यागत हिसाबले ठूला दलमा क्रमश: नेपाली काँग्रेस (नेकाँ), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेकपा (माओवादी केन्द्र) थिए। प्रतिनिधिसभामा कम्तीमा १० सिट ल्याउने दलमा यीबाहेक जनता समाजवादी पार्टी नेपाल (जसपा-नेपाल), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)], राप्रपा र रास्वपा थिए। यीमध्ये सबैभन्दा बढी युवा रास्वपाबाट छन्। रास्वपाका कुल २० जनामध्ये ८ जना युवा हुन्। युवाले रास्वपाबाट अवसर पाउनुको मुख्य कारण नयाँ दल भएकाले हो। नेकपा (एमाले)का कुल ७८ सांसदमध्ये ७ जना युवा हुन् भने ८९ जना सांसद भएको नेकाँबाट ४ जना मात्र युवा सांसद छन्। ३१ सदस्य भएको नेकपा (माओवादी केन्द्र)बाट ४ युवा सांसद छन्। राप्रपाका १४ सांसदमध्ये ४ युवा छन्। जसपा-नेपाल र नेकपा (एकीकृत समाजवादी)बाट एक जना पनि युवा सांसद छैनन्। तालिका २ ले नेपालको राजनीतिमा युवा सहभागिता कमजोर रहेको र दलहरूले युवालाई कम प्राथमिकता दिएको सङ्केत गर्छ।

## ३. राजनीतिमा युवालाई चुनौती

राजनीतिक दलमा नेतृत्व हस्तान्तरण र युवा सहभागिताबारे बहस भने नभएको होइन। पछिल्लो पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न र अवसर दिन

---

[४] प्रतिनिधिसभा सदस्यको यहाँ चर्चा गरिएको उमेर २०७९ सालको निर्वाचन ताकाको हो।

[५] शर्मा, जीवन। २०८१। नेपाली राजनीतिमा युवा प्रतिनिधित्व: ४० नकटेका प्रत्यक्ष निर्वाचित सांसद केवल ११ जना। *न्युज अफ नेपाल*, भदौ १२। https://newsofnepal.com/2024/08/28/664554/ मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको।

[६] राष्ट्रिय तथ्याङ्क कार्यालय। २०७८। राष्ट्रिय जनगणना २०७८ नतिजा। https://censusnepal.cbs.gov.np/results/np/downloads/census-dataset मा उपलब्ध; माघ ३, २०८१ मा हेरिएको।

नचाहेको आरोप नेपालका स्थापित नेताहरूलाई सँधै लाग्ने गरेको छ। स्थानीय तहदेखि सङ्घसम्म पनि स्थापित नेतृत्व नै लामो समय रहिरहने परिपाटीले नयाँ पुस्ताले स्थान नपाएको राजनीतिक दलसम्बद्ध युवाहरू बताउँछन्। शीर्षस्थ नेतृत्वले युवालाई आन्दोलन, सङ्घर्ष, सभा सम्मेलन, शक्ति प्रदर्शन, प्रतिरोध जस्ता कामहरूमा प्रयोग गर्ने तर नेतृत्व विकासको अवसर नदिने आरोप लाग्ने गरेको छ।[७] नेकपा (एमाले)को भदौ २८, २०८१ मा बसेको सचिवालय बैठकले युवाको भूमिकालाई राष्ट्र निर्माणमा केन्द्रित गर्ने भन्दै ४० वर्ष मुनिका युवा सहभागी भएको राष्ट्रिय समिट गर्ने वार्षिक कार्ययोजना पारित गरेको थियो।[८] नेकपा (एमाले)ले 'मिसन ग्रासरूट' कार्यक्रम अन्तर्गत २०८० मा देशैभरि छोराछोरीको नारा दिएर 'वडा वडा: भावी युवा नेता' कार्यक्रम र 'आफै नेता: आफै प्रधानमन्त्री' लगायतका कार्यक्रम ल्याएको थियो। नेकपा (एमाले)को गण्डकी प्रदेश समितिले असोज २०८० मा सम्पन्न अधिवेशनमा प्रत्येक पालिकाबाट ४० वर्षभन्दा मुनिका युवालाई प्रतिनिधि छान्न कोटा तोकेको थियो।[९] जेठ २०८० मा नेकाँमा केही युवा नेताहरूले दलमा रूपान्तरण अभियान चलाएका थिए।[१०] नेकपा (माओवादी केन्द्र)ले पार्टी सबै समितिहरूमा ४० वर्ष मुनिका युवाहरूलाई कम्तिमा २० प्रतिशतको संख्यामा समावेश गरिनेछ भनेर विधानमै उल्लेख गरेको छ।[११] यी दृष्टान्तले युवा शक्ति दलका लागि अपरिहार्य भएको पुष्टि गर्छन्।

युवाहरूलाई राजनीतिक गतिविधिमा सक्रिय बनाई नेतृत्व विकास गर्ने भन्दै अधिकांश राजनीतिक दल निकट विद्यार्थी संगठन र युवा संगठनहरू देशैभरि क्रियाशील छन्। नेकाँको युवा भातृसंगठन नेपाल तरूण दल र विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) छ। नेकपा (एमाले)को राष्ट्रिय युवा संघ नेपाल र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) विद्यार्थी संगठनको रूपमा क्रियाशील छ। यसैगरी नेकपा (माओवादी केन्द्र) निकट युवाको भातृ संगठन योङ कम्युनिष्ट लिग (वाइसियल) र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) [अनेरास्ववियु (क्रान्तिकारी)] नामको विद्यार्थी संगठन क्रियाशील छन्। ती संगठनमा हजारौँ युवा भए पनि तिनको उपस्थिति राजनीतिक नेतृत्व तहमा निकै कम देखिन्छ।

विवेकशील साझा पार्टी (विसापा)का नेता मिलन पाण्डेका अनुसार स्रोत साधनमा पहुँच नहुनु, सत्ता केन्द्रित राजनीति हुनु, आदि जस्ता कारणले राजनीतिप्रति धेरैजसो युवाको दृष्टिकोण नकारात्मक छ। त्यसमाथि राजनीतिमा युवाका लागि पदमा पुगेर योगदान गर्ने सहज संरचना दलहरूले बनाएका छैनन् भन्ने पाण्डेको तर्क छ।[१२] स्थापित राजनीतिक नेतृत्वको पहुँच र पहिचान बनिसकेको हुन्छ। साधन र स्रोतको परिचालन गर्न उसैलाई आउँछ। उसलाई नै मिडियाले पछ्याउँछ र जनताले पनि चिनिरहेका हुन्छन्। त्यसको उपयोग गरी उनीहरू दलको मुख्य पद या सरकारको मुख्य पदमा टिकिरहन सक्छन्। त्यसैले त्यस्ता व्यक्तिलाई राजनीति गर्न सहज हुन्छ र निर्वाचनमा पनि तिनैले राम्रो मत ल्याउँछन्।

लोकतान्त्रिक पद्धतिमा कोही पनि विकल्पहीन हुँदैन र उही व्यक्ति लामो समयसम्म पदमा बसिरहँदैन। राजनीतिक दलका भातृ संगठनका नेताहरू राजनीतिमा युवालाई अगाडि ल्याउन र अवसर दिन नचाहेको भन्दै दलको नीतिमै उमेर हद तोकेर जिम्मेवारी दिनुपर्ने बताउँछन्। पूर्व प्रतिनिधिसभा सदस्य एवम् अनेरास्ववियुकी पूर्व अध्यक्ष नविना लामा पुराना नेताहरूले नयाँलाई स्वीकार गर्न नसकेको र युवाले पनि आफ्नो भूमिकाप्रति सक्रिय र हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसकेको बताउँछिन्। उनका अनुसार दलको हरेक तहको संरचनामा उमेर सीमा तोक्न र युवालाई प्रोत्साहन गर्ने नीति दलहरूले बनाउन आवश्यक छ।[१३] यसैगरी नेपाल तरूण दल बैतडीका कार्यवाहक अध्यक्ष महेशदत्त भट्ट युवामा राजनीतिप्रति वितृष्णा बढेकाले कर्मशील र सक्षम युवालाई नेतृत्व तहको जिम्मेवारीमा ल्याउनुपर्ने बताउँछन्। लामो राजनीतिक पृष्ठभूमि भएको व्यक्ति निर्वाचनको टिकटका लागि योग्य मानिने मापदण्ड पनि युवा सहभागिताका लागि बाधक भएको उनको तर्क छ।[१४]

विसापाकी महासचिव रञ्जु दर्शना युवाको मुद्दा सम्बोधन गर्नका लागि मात्रै नभएर भविष्यका लागि सक्षम र दूरदर्शी नेतृत्वकर्ता तयार गर्नका लागि पनि युवालाई अवसर दिन जरुरी रहेको बताउँछिन्। उनी भन्छिन्, "नेतृत्व तहका लागि अनुभव र योग्यता खोज्ने दलहरूले युवालाई त्यसका लागि क्षमतावान बनाउन र युवामैत्री प्रभावकारी कार्यक्रम ल्याउन सकेका छैनन्।" उनका अनुसार राजनीतिक दलहरूले युवाहरूलाई प्रशिक्षित गर्दै अगाडि ल्याउनुपर्नेमा नामको लागि केहीलाई टिकट दिएजस्तो गरेर टार्ने गरेका छन्।[१५] विसापाले पनि पर्याप्त काम गर्न नसकेको उनले बताइन्।

प्राध्यापक कृष्ण खनालका अनुसार "जब-जब नेपाली राजनीतिमा युवा नेतृत्वले पालो पाउनुपर्छ भन्ने बहस उठ्छ, तब पार्टीका ७० नाघेका नेताहरू नै सबैभन्दा धेरै भड्किन्छन्, लाग्छ उनीहरूलाई तिनको गाँस खोस्न लागेको हो।" नेकाँको विधानमा दुई कार्यकालको सीमा राखिए पनि व्यवहारत: दलमा होनहार युवा नेताहरू हुँदासमेत निर्णय प्रक्रियामा तिनको भूमिका शून्य बराबर

---

[७] बज्राचार्य, संगम। २०७८। राजनीतिमा युवाको सहभागिता नै किन? *न्युज अफ नेपाल*, पुस ३०। https://newsofnepal.com/2022/01/14/464991/ मा उपलब्ध; माघ २, २०८१ मा हेरिएको।

[८] कान्तिपुर। २०८१। एमालेको वार्षिक कार्ययोजना पारित : ४० वर्ष मुनिका युवाको राष्ट्रिय समिट गर्ने। https://ekantipur.com/news/2024/09/13/annual-action-plan-of-uml-passed-national-summit-of-youth-under-40-years-of-age-00-46.html मा उपलब्ध; पुस २७, २०८१ मा हेरिएको।

[९] श्रेष्ठ,युवराज। २०८०। एमालेका युवा नेता भन्छन् - व्यक्तिगत गुटबन्दीलाई परास्त गरिन्छ। *सेतोपाटी,* असोज १५। https://www.setopati.com/politics/313072 मा उपलब्ध; माघ ७, २०८१ मा हेरिएको।

[१०] लोकान्तर। २०८०। काँग्रेसका युवा नेताले भैरहवाबाट शुरू गरे पार्टी रूपान्तरण अभियान। जेठ १। https://lokaantar.com/story/223386/2023/5/15/politics/congress-young-leaders- मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको।

[११] नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)। २०७८। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अन्तरिम विधान -२०७८। https://cdn.cpnmc.one/media/Party-Bidhan_final-078-05-13.pdf मा उपलब्ध; माघ ७, २०८१ मा हेरिएको।

[१२] पाण्डे, मिलन। २०७४। राजनीतिमा युवाको हस्तक्षेप। *कान्तिपुर,* असोज २२। https://ekantipur.com/opinion/2017/10/08/20171008070215.html मा उपलब्ध; पुस २८,२०८१ मा हेरिएको।

[१३] लामासँग पुस २५, २०८१ मा गरिएको कुराकानी।

[१४] भट्टसँग पुस २५, २०८१ मा गरिएको कुराकानी।

[१५] दर्शनासँग माघ ३, २०८१ मा गरिएको कुराकानी।

पारिएको खनालको तर्क छ ।[१६] विगतको राजनीतिक इतिहासमा सक्रिय युवाहरू अहिले वृद्ध भइसक्दासमेत नेतृत्व तहमा बसिरहेका छन् । अरूलाई नेतृत्व हस्तान्तरण गर्न नसक्ने व्यक्ति राजनीतिमा हावी भइरहँदा लोकतन्त्रको रक्षा र विकासका लागि अर्थहीन हुने भएकाले दलका अग्रज पुस्ताले अरूका लागि स्वत: बाटो छोड्नुपर्ने कतिपय बताउँछन् ।[१७] नयाँ पुस्ताका केही युवामा राजनीतिप्रति अलगावसमेत बढ्दै गएको पाइन्छ । यसको एक कारणमा युवा प्रतिनिधित्वको अभाव पनि हो । यसप्रति राजनीतिक दल सचेत हुनुपर्ने देखिन्छ ।

## ४. सत्ता र शक्तिमा स्थायी नेतृत्व

२०२८ सालमा नेविसंघको केन्द्रीय अध्यक्ष बनेका शेरबहादुर देउवा २०४८ सालमा नेकाँको केन्द्रीय सदस्य हुँदै करिब ६ दशकको राजनीतिक जीवनमा पाँच पटक देशको प्रधानमन्त्री भइसके भने दुई पटक पार्टी सभापति भइसकेका छन् । अहिले पनि उनी दलका सभापतिका रूपमा सत्ता र शक्तिको केन्द्रमा छन् ।[१८] असार १७, २०८१ मा नेकाँ र नेकपा (एमाले)बीच पालैपालो नेतृत्व गर्ने सहमति भएअनुसार देउवा छैटौँ पटक प्रधानमन्त्री बन्ने तयारीमा छन् ।[१९]

नेकाँभित्र नेतृत्व परिवर्तनका लागि भने बहस हुने गरेको पाइन्छ । नेकाँमा पुस्तान्तरणको पक्षमा आवाज उठाउँदै आएका महामन्त्री गगनकुमार थापा २०७९ मा भएको संसदीय दलको नेताको निर्वाचनमा सभापति शेरबहादुर देउवाविरुद्ध प्रतिस्पर्धामा उत्रिएका थिए । उक्त समयमा थापा पराजित भए पनि नेतृत्व पुस्तान्तरण र दललाई रूपान्तरण गर्ने दिशामा यसले राम्रो सन्देश दिएको नेकाँका नेताले नै बताएका थिए ।[२०]

२०५१ सालमा गृहमन्त्री भएका नेकपा (एमाले)का अध्यक्ष हालका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली (केपी ओली) चार पटक प्रधानमन्त्री र दुई पटक पार्टी अध्यक्ष भए । ओली अहिले पनि सत्ता र शक्तिको नेतृत्वमै छन् ।[२१] २०७८ मा सम्पन्न नेकपा (एमाले)को दशौँ महाधिवेशनले युवालाई अवसर दिने भन्दै पार्टीको विधानमा ७० वर्षको उमेर हद तोकेको थियो ।[२२] तर जेठ २०८० मा ओलीले ७० वर्षे उमेर हद हटाउने निर्णय गरेका थिए । ७० वर्ष माथिकाले काम गर्न सक्ने अवस्थामा पनि राजनीति छोड्नुपर्ने अप्ठ्यारो अवस्था आएको र अन्य दलबाट आएका नेतालाई पनि जिम्मेवारी दिनुपर्ने भन्दै ७० वर्षे उमेर हद हटाउनुपरेको ओलीको स्पष्टीकरण थियो ।[२३] तर उनी आफै ७० वर्ष नाघेकाले आफू पदमा बस्नका लागि यस्तो निर्णय गरेको भन्दै आलोचना भएको थियो । २०७९ मा भएको चुनावमा निर्वाचित हुँदा उनको उमेर ७० वर्ष थियो । यसैगरी नेकपा (एमाले)को मंसिर १०,२०७८ मा बसेको केन्द्रीय कमिटी बैठकले पार्टीको एउटै कार्यकारी पदमा दुईभन्दा बढी कार्यकाल बस्न नपाउने व्यवस्था पनि खारेज गरेको थियो ।[२४]

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल तीन पटक प्रधानमन्त्री भइसकेका छन् भने पार्टीको स्थापना कालदेखि नै दलको नेतृत्वमा छन् । नेकपा (माओवादी केन्द्र)कै केही नेताले दाहाललाई नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न नचाहेको र एकलौटी ढङ्गले पार्टी सञ्चालन गर्न खोजेको आरोप लगाएका थिए । साउन २६,२०८१ मा बसेको स्थायी समिति बैठकमा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले पार्टी अध्यक्ष पुष्पकमल दाहाललाई संरक्षक बन्न र पार्टीको नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण गर्न सुझाव सहितको प्रस्ताव पेश गरेका थिए ।[२५] उक्त समयदेखि शर्मा र दाहालबीच सुरु भएको खटपट पुस २३, २०८१ मा सम्पन्न भएको केन्द्रीय समिति बैठकपछि समाधान भएको बताइन्छ । पुष्पकमल दाहालले उपमहासचिव शर्माले उठाएका केही मागलाई राजनीतिक प्रतिवेदनमै समेटेका र बाँकी माग पनि महाधिवेशनमा लगेर पूरा गर्ने प्रतिबद्धता जनाएपछि साउनदेखि देखिएको विवाद साम्य भएको बताइन्छ ।[२६] नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) का नेताले दलभित्र उमेर हद लागू गर्नुपर्ने दबाब दिँदै आएका छन् । उक्त विद्यार्थी संगठनको नेतृत्व चयनमा भने ३२ वर्षे उमेर हद लगाउने नियम लागू भएको छ ।[२७]

---

[१६] खनाल, कृष्ण । २०८० । नेपाली राजनीतिमा युवा नेतृत्वको प्रश्न । *नयाँ पत्रिका,* असार २०। https://www.nayapatrikadaily.com/news-details/118613/2023-07-05 मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[१७] कान्तिपुर । २०८० । राजनीतिमा उमेर हद । भाद्र १५ । https://ekantipur.com/opinion/2023/09/01/169352900710011476.html मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[१८] अनलाइनखबर । २०७८ । ६ दशकको राजनीतिक जीवन पाँचौ पटक प्रधानमन्त्री । असार २९ । https://www.onlinekhabar.com/2021/07/983150/पाँचौं-पटक-प्रधानमन्त्री मा उपलब्ध; पुस २८ २०८१ मा हेरिएको ।

[१९] अनमोल, बीपी । २०८१ । काँग्रेस - एमाले साढे तीन दशकदेखि सहकार्य, कस्तो होला यसपालि? *उकालो,* असार ३१ । https://www.ukaalo.com/news/20240715-congress-uml-joint-government-journey/18724 मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[२०] न्यौपाने, कुलचन्द्र । २०७९ । नेतृत्वमा गगनको सशक्त हस्तक्षेप । *कान्तिपुर,* पुस ७ । https://ekantipur.com/news/2022/12/22/167167434478845916.html मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[२१] पराजुली, रमा । २०८१ । केपी शर्मा वली: जेलदेखि चौथौ पटक प्रधानमन्त्रीसम्म । *बीबीसी नेपाली,* असार ३० । https://www.bbc.com/nepali/articles/cxr2p405l9eo मा उपलब्ध; पुस २५, २०८१ मा हेरिएको ।

[२२] नेकपा एमाले । २०७८ । प्रथम विधान महाधिवेशन र दशौँ राष्ट्रिय महाधिवेशन , २०७८ भएको संशोधनसहित । https://system.cpnuml.org/parse-image/623?hash=$2y$10$qfm9j7XveTvU.2I2HqQ83eZk4/Pj0zjoslcngvipSO6mMlChDBYgu मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[२३] कान्तिपुर । २०८० । ७० वर्षको उमेर हद उपयोगी नभएरै हटायौं: ओली । असार २ । https://ekantipur.com/news/2023/06/17/168700013119798218.html मा उपलब्ध; पुस २७, २०८१ मा हेरिकएको ।

[२४] नेपाल प्रेस । २०७८ । एमालेमा दुईभन्दा बढी कार्यकाल एउटै पदमा बस्न नपाउने प्रावधान खारेज । मंसिर १०। https://www.nepalpress.com/2021/11/26/126395/ मा उपलब्ध; माघ ५, २०८१ मा हेरिएको ।

[२५] न्यौपाने, सागर । २०८१ । माओवादी बैठकमा जनार्दनको लिखिति प्रस्ताव: प्रचण्डलाई संरक्षक बनाएर नेतृत्व हस्तान्तरण(पूर्णपाठ) । *नेपालखबर,* साउन २७ । https://nepalkhabar.com/politics/209789-2024-8-11-12-56-6 मा उपलब्ध; पुस २७ २०८१ मा हेरिएको ।

[२६] न्यौपाने, सागर । २०८१ । माओवादी केन्द्रमा प्रचण्ड र जनार्दनबीच 'युद्धविराम'। *नेपालखबर*, पुस २३। https://nepalkhabar.com/politics/223478- 2025-1-7-22-36-26 मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[२७] शिलापत्र । २०८१ । अखिल क्रान्तिकारीमा ३२ वर्षे उमेर हद । पुस १५ । https://shilapatra.com/detail/151292 मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

नेपाली राजनीतिमा शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहालको समर्पण र योगदान कम आँक्न मिल्दैन । तर त्यसको मतलव उनीहरू विकल्पविहीन भने होइनन् । राजनीतिक दलमा एकै व्यक्ति वर्षौंसम्म प्रभावशाली पद र नेतृत्व ओगटेर बस्नु लोकतान्त्रिक अभ्यास होइन । अर्कोतिर, एकै व्यक्तिमा पद रहिरहँदा पछिल्लो छिमलका राजनीतिकर्मीले अवसर पाउँदैनन् भने राजनीतिमा लाग्ने नयाँ पुस्तामा पनि नकारात्मक सन्देश जान्छ । यसले गर्दा उनीहरूमा निराशा र असन्तुष्टि पैदा हुन्छ । नेपालको राजनीतिमा पुरानो पुस्ताले स्थान ओगटिरहने प्रवृत्ति केन्द्रमा मात्र नभई जिल्ला तह र पालिका तहमा पनि देखिन्छ । यद्यपि यी कुरा प्रक्रिया र कानूनअनुसार भएका हुन् । शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहाल पनि पार्टीको अधिवेशनमार्फत कोही निर्विरोध त कोही चुनावबाट जितेर आएका हुन् । संसदमा पनि चुनाव जितेरै आएका हुन् । तर समस्या के हो भने यी नेताहरू शक्ति केन्द्र बनिसकेका छन् । सत्तामा हुँदा वा सत्ता बाहिर हुँदा पनि बजेट विनियोजन, नियुक्ति जस्ता अनेकौँ गतिविधिमा प्रभाव पार्न सक्ने हुनाले सधैँका खेलाडी भए । लोकतान्त्रिक मुलुकमा नेतृत्व नयाँ पुस्तामा रूपान्तरण गर्ने अभ्यास हुन्छ । तर नेपाली राजनीतिमा नेतृत्वको पुस्तान्तरण कमजोर गतिमा भइरहेको छ । जबसम्म नेतृत्व पुस्तान्तरणको सामयिक अभ्यास हुँदैन, तबसम्म युवाले राजनीतिमा अवसर पाउन कठिन हुन्छ । त्यसकारण नेतृत्व पुस्तान्तरण नेपाली राजनीतिक दलका लागि अपरिहार्य छ । यसका लागि कानून र दलको विधानमा सुधार जरुरी देखिन्छ ।

## ५. राजनीतिमा युवा हस्तक्षेप

स्थापित दलमा निर्वाचनमा टिकट पाउनका लागि दलप्रतिको योगदान र दलसँग आबद्ध भएको समय र अनुभवले प्रभाव पार्ने भएकाले युवा अवस्थामै टिकट पाउन कठिन छ । ठूला दलमा लागेका केही युवा वैकल्पिक धार अँगाल्दै नयाँ दल या स्वतन्त्र उम्मेदवारतर्फ आकर्षित हुन थालेको विगतको निर्वाचनमा देखियो ।

पछिल्लो समय राजनीतिमा युवाले हस्तक्षेप गर्न थालेका केही उदाहरण पनि छन् । २०७४ को स्थानीय चुनावमा दलका स्थापित नेतालाई टक्कर दिन भन्दै काठमाडौँ महानगरपालिका (कामनपा)को मेयर पदमा उठेकी २१ वर्षीया रञ्जु दर्शनाको निकै चर्चा भएको थियो । २३,४२९ मत प्राप्त गरेकी उनी कामनपामा तेस्रो भएकी थिइन् ।[२८] २०७९ को स्थानीय तह निर्वाचनमा कामनपा र धरान उपहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारहरू क्रमशः बालेन साह (३२ वर्ष) र हर्क साम्पाङ (३९ वर्ष) र कामनपाको उपप्रमुखमा नेकपा (एमाले)की सुनिता डंगोल (२९ वर्ष) निर्वाचित भए । त्यसो त स्थानीय तहमा युवा प्रतिनिधित्व सापेक्षतः बढी छ । त्यसको एक कारण २१ वर्ष पुगेपछि उम्मेदवार बन्न मिल्ने भएकाले पनि हो । २०७९ को स्थानीय तह निर्वाचनमा विजयी जनप्रतिनिधिमध्ये ४० वर्ष मुनिका ४१.१४ प्रतिशत छन् ।[२९]

२०७८ को एक सर्वेक्षणमा ७५ प्रतिशत युवा मतदाताले हार्ने सम्भावना भए पनि नयाँ तथा युवा उम्मेदवारलाई भोट दिने बताएका थिए ।[३०] उनीहरूले नेतृत्वमा भएका राजनीतिज्ञप्रति वितृष्णा भएकाले नयाँ उम्मेदवारलाई भोट दिने सोचेको बताएका थिए । *हिमालखबर*ले २०७८ मा १८ देखि ३५ वर्षसम्मका ४१५ जना युवालाई गरेको अनलाइन सर्वेक्षणअनुसार पनि ६४.१ प्रतिशतले दलभन्दा पनि उम्मेदवार हेरेर भोट दिने बताएका थिए । साथै ७८.३ प्रतिशतले हालकै मेयर वा गाउँपालिका अध्यक्ष दोहोरिएको हेर्न नचाहेको प्रतिक्रिया दिएका थिए ।[३१]

२०७८ मा सम्पन्न नेकाँको १४ औँ महाधिवेशनमा प्रतिनिधिहरूबीच सर्वाधिक मत ल्याएर १९ वर्षमा सबैभन्दा कान्छी प्रतिनिधि भएकी सिन्धुपाल्चोककी करिना पुरीले पनि अग्रज पुस्ताले नयाँ पुस्तालाई प्रेरणाा दिने, प्रशिक्षण दिनेभन्दा गिराउने खेल नै बढी गर्ने हुनाले आफै अगाडि बढ्नुपर्ने बताइन् । नेकाँको महासमिति सदस्य एवं नेविसंघकी केन्द्रीय सदस्य पुरी भन्छिन्, "महाधिवेशन प्रतिनिधि बन्ने तयारीमा लाग्दा अग्रज व्यक्ति तथा नेताबाट अहिले तिमी नउठ, तिम्रो उमेर छ पछि पनि पालो आउँछ, हामीलाई पालो देऊ भन्ने धेरै दबाब आएको थियो । तर युवाहरू पनि माथिल्लो पदमा आउनुपर्छ भनेर प्रतिष्पर्धामा उत्रिएकी हुँ ।"[३२]

राप्रपाले ४० वर्ष मुनिका क्षमतावान् युवालाई नेतृत्वमा ल्याउन भन्दै साउन २०८० मा २० जना केन्द्रीय सदस्य पदका लागि देशभरबाट खुल्ला आवेदन माग गरेकोमा असोज २०८१ मा अन्तर्वार्ता लिएर १० जना महिला र १० जना पुरुष छनोट गरेको थियो ।[३३] सोही आवेदनमार्फत केन्द्रीय सदस्य हुँदै पुस २०८१ मा सचिवायलय सदस्यमा मनोनयन भएकी सजिना कार्की दलले सक्षम युवालाई राजनीतिमा आउन अवसर दिएको बताउँछिन् । देशका लागि केही गर्छु भन्ने युवाले अवसर पाउन नसकेको स्वीकार्दै कार्कीले युवा राजनीतिमा आउन जरुरी रहेको अभिमत प्रकट गरिन् ।[३४] नेकपा (एकीकृत समाजवादी)की केन्द्रीय सदस्य प्रेमा लामाले पनि दलमा युवालाई मूलधारको जिम्मेवारी दिने मानसिकता अझै विकास नभएको स्वीकार्दै अहिले दलमा उमेर हदको विषय उठेको र त्यो युवा प्रतिनिधित्वको हिसाबले सकारात्मक भएको बताइन् ।[३५]

---

[२८] पौडेल, प्रविना । २०७९ । काठमाडौंका स्वतन्त्र उम्मेदवारबारे रञ्जु दर्शना, भन्छिन्- उम्मेदवारमा गल्ती स्वीकार्ने क्षमता हुनुपर्छ । *शिलापत्र,* वैशाख १९ । https://shilapatra.com/detail/83813 मा उपलब्ध; पुस २६, २०८१ मा हेरिएको ।

[२९] हिमालखबर । २०७९ । स्थानीय तहमा ४१ प्रतिशत युवा निर्वाचित । साउन १० । https://www.himalkhabar.com/news/131371 मा उपलब्ध; पुस २८, २०८१ मा हेरिएको ।

[३०] फ्रेडरिक एबर्ट स्टिफ्टुङ , नेपाल इन्स्टिच्यूट फर पोलिसी रिसर्च । २०८० । युवा राजनीति र निर्वाचन: धारणा र अपेक्षा । https://library.fes.de/pdf-files/bueros/nepal/21164.pdf (अंग्रेजीमा) मा उपलब्ध; माघ २, २०८१ मा हेरिएको ।

[३१] आचार्य, शिलशिला । २०७८ । स्थानीय चुनावमा युवा मतदाताको रोजाइ: कस्ता उम्मेदवार, कस्ता मुद्दा? *हिमालखबर,* चैत्र १० । https://www.himalkhabar.com/news/128940 मा उपलब्ध; माघ २, २०८१ मा हेरिएको ।

[३२] पुरीसँग माघ ५,२०८१ मा गरिएको कुराकानी ।

[३३] शिलापत्र । २०८१ । राप्रपाले छान्यो ४० वर्षमुनिका २० केन्द्रीय सदस्य(सूचीसहित) । असोज १ । https://shilapatra.com/detail/145233 मा उपलब्ध; माघ ३, २०८१ मा हेरिएको ।

[३४] कार्कीसँग माघ ४,२०८१ मा गरिएको कुराकानी ।

[३५] लामासँग माघ ४, २०८१ मा गरिएको कुराकानी ।

## ६. निष्कर्ष

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले अँगालेको शासन प्रणालीको एक सौन्दर्य समावेशिता पनि हो । त्यसैले समाजका यावत् विविधताको प्रतिबिम्ब राज्यका संरचनामा देखिनुपर्छ । तर नेपाली राजनीतिमा युवा उपस्थिति कमजोर छ । विद्यमान प्रतिनिधिसभामा नेपालको करिब ४० प्रतिशत जनसङ्ख्या ओगटेको १६ देखि ४० वर्ष उमेर समूहको उपस्थिति १२ प्रतिशत मात्रै हुनु त्यसैको उदाहरण हो ।

ती दलका नेतृत्वमा र तिनले नेतृत्व गर्ने सरकारमा उही व्यक्ति दोहोरिने प्रवृत्ति अत्यधिक देखिन्छ । दलका स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै अग्रज पुस्ताले अनुभव, पहुँच, पहिचान आदिका आधारमा पदमा सक्रिय भइरहँदा ती स्थानमा नयाँ व्यक्तिले पाउने अवसर सीमित भएको छ । यसकारण वैकल्पिक राजनीतिप्रति युवाको आकर्षण बढेको हो । आफूजस्तै प्रतिनिधि खोज्ने मनोविज्ञान मतदातासँग हुनु स्वाभाविकै हो । अवसर पनि छिटो पाइने हुनाले केही युवा नयाँ दलतिर लागेका छन् । अर्कोतिर, यसले लामो सङ्घर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रप्रति नै वितृष्णा ल्याउने जोखिम पनि बढाएको छ । लोकतन्त्रका लागि योगदान गरेका दलहरूले नेतृत्व समावेशी बनाउनका लागि उदारता देखाउन जरुरी छ । प्रमुख राजनीतिक दलले युवा सहभागिता बढाउने नीति अपनाउन पर्ने देखिन्छ । कानून र दलको विधानमा पनि निश्चित कार्यकालपछि पदबाट अनिवार्य हट्नुपर्ने नीति अपनाउनु एउटा उपाय हो ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**

ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६

info@democracyresource.org | https://www.democracyresource.org/